बबई गाउँपालिकाको दोस्रो कार्यकालको तेह्रौं(१३) गाउँसभामा

गाउँपालिका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्रीद्धारा प्रस्तुत

आर्थिक वर्ष २०८०/०८१ को

# नीति तथा कार्यक्रम

बबई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**गाउँ सभाका सदस्य ज्यूहरु,**

१. स्थानीय तह निर्वाचन, २०७९ पछिआर्थिक वर्ष ०७९/०८०को एक वर्ष पुरा भई यस बबई गाउँपालिकाको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रमयस गरिमामय सभा समक्षप्रस्तुत गर्न पाउँदा मैले आफुलाई गौरवान्वित महसुस गरेको छु ।

२. यस अवसरमा म मुलुकको राजनीतिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरणका लागि जिवन वलिदान गर्नुहुने सम्पुर्ण ज्ञात/अज्ञात सहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु । साथै विभिन्न लोकतान्त्रिक आन्दोलनका घाईते योद्धा, अपांग, वेपत्ता नागरिक र तिनका परिवारहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

३. मानव अधिकारको स्थापना र विकास , समाज रुपान्तरणको विश्वव्यापी आन्दोलनकै अभिन्न अंगको रुपमा रहेको नेपाली राजनैतिक, साँस्कृतिक, सामाजिक आन्दोलनहरुले विभिन्न काल खण्डमा स्थापित गरेका परिवर्तनका स्वरुपहरुको परिणाम आज नेपाली जनताले सार्वभौम सत्तालाई सुरक्षित राख्दै संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान लागु सँगसंगै संविधानको भावना मर्म अनुरुप तीनै तहका सरकारहरु संघीयताको कार्यान्वयनको चरणमा छौं ।कार्यान्वयनको अभ्यास क्रमशः सफलता तिर उन्मुख हुँदै गईरहेको छ । तर पनि नेपाली राजनितिमा देखा परेका भ्रष्टचार, अनियमितता , महंगी , बेरोजगारी तथा परम्परागत कृषि प्रणाली औद्यौगिक विकासमा भएको उदासिनताले जनताको मनमा उत्पन्न असन्तुष्ति सरकार प्रतिको अविश्वास आजको मुख्य चुनौति हो ।

४. शान्ति, समृद्धि र विकासको लक्ष हासिल गर्नको लागि संघीय संरचना अन्तर्गतको स्थानीय तह जनताको निकट र प्रत्यक्ष सम्पर्कमा रहेको सरकार भएकाले त्यस प्रति जनअपेक्षा वढि हुनु स्वाभाविक हो । त्यसैले जनअपेक्षा अनुरुप नीति निर्माण गरि समाजमा रहेका विभिन्न विभेद र असमानताका अवशेषहरुलाई अन्त्य गर्दै समावेशिताको आधारमा संवृद्धिको लक्ष हासिल गर्ने गराउने चुनौती र दायित्व आज स्थानीय तहको सामु देखा परेको छ । यस चुनौतीलाई आत्मसाथ गर्दै लक्ष हासिल गर्न शिक्षा, राजनिती, सामाजिक संस्कार आर्थिक अनियमितता र नीतिगत जटिलतामा व्यापक संसोधन र सुदृढिकरण गर्न सके मात्र हाम्रो समृद्धिको यात्रा अघि वढ्न सक्छ । तसर्थबबई गाउँपालिकाको संमृद्ध बबई सुखी जनताको आकांक्षा पुरा गर्न **"हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"**भन्ने नारालाई आत्मसाथ गर्दैम आ.व २०८०।०८१को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभा समक्ष प्रस्तुत गर्न चाहन्छु । विश्वास छ सवै पक्षवाट सहयोग र समर्थन प्राप्त हुनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

अव म आर्थिक वर्ष २०८०।०८१ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

५. बबई गाउँपालिका कृषिमा प्रमुख निर्भरता भएकोले कृषिजन्य वस्तु तथा सेवाको उत्पादकत्वमा वृद्धि ल्याई आम जनताको जिवनस्तरमा सुधार ल्याउनको लागि कृषक वर्गिकरण गरि विशेष प्रोत्साहनको व्यवस्था, कृषिजन्य उत्पादनको सुरक्षा, भण्डारणतथा वजारको नीतिगत व्यवस्था गर्दै सम्पुर्ण कृषियोग्य जमिनमा आधारभुत कृषि सडकको व्यवस्था गरि यान्त्रीकरणमा प्रोत्साहन गर्दै आधुनिक तथा व्यवसायिक कृषि प्रणालीको विकास गरिनेछ ।

६. कृषिको आधुनिकीकरण, व्यावसायीकरण र यान्त्रीकरण गरी कृषिजन्य उद्योगमार्फत विकासको आधार तयार गर्न आधुनिक कृषि प्रणालीको अबलम्बन र कृषिजन्य उद्योगलाई प्रोत्साहित गरिनेछ । कृषिको यान्त्रीकरणका लागि कृषि उपकरण खरिद गर्न निश्चित प्रतिशत नगद अनुदान उपलब्ध गराउने नीति लिइनेछ ।

७. कृषि तथा पशुपंक्षि विकासका लागि कृषि तथा पशु सेवा शाखाले प्रदान गर्दै आईरहेको सेवालाई ७ वटै वडाहरुमा विस्तार गरिनेछ ।

८. **उत्पादनमा आधारित कृषि अनुदान कार्यक्रम** संचालन गरी वास्तविक किसानहरुलाई प्रोत्साहन गर्ने नीति लिईनेछ ।

९. पशु पंक्षी पालन व्यवसायलाई प्रोत्साहन गर्नका लागि दुग्धजन्य तथा मासुजन्य वस्तुलाई वजार प्रणालीसंग आवद्ध गरि उत्पादन वृद्धिमा प्रोत्साहन गरिनेछ । सो का लागि हंशपुर, हापुरे र कौशिलापुरमा दुग्ध चिस्यान केन्द्र र दुग्ध संकलन केन्द्र निर्माण गर्ने तथा मासुपसलहरुको आधुनिकिकरण गरिनेछ ।

१०. किसानहरुले उत्पादन गरेका कृषि वस्तुहरुको संरक्षणका लागि हापुरेमा शित भण्डार निर्माण गरि संचालन गरिनेछ ।

११. व्यावसायीक रुपमा खेती गर्ने कृषक, कृषक समुहलाई नियमित प्राविधिक सेवा, अनुदान एवं व्यवस्थापकीय टेवाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

१२.एकघर एक करेसाबारीको नीति अवलम्बन गरी तरकारी उत्पादनमा वृद्धि गर्दै बबई गाउँपालिकालाई तरकारी उत्पादनमा आत्म निर्भर बनाइनेछ ।

१३. कृषिको विविधिकरण र व्यवसायिकरण गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न भौगोलिक क्षेत्रको विशेषताका आधारमा पकेट क्षेत्र घोषणा गरी उत्पादनमा वृद्धि गरिनेछ ।

१४. कृषि तथा पशु उत्पादनमा जोखिम न्यूनिकरण गरी कृषि तथा पशु व्यवसाय अभिवृद्धि गर्न कृषि तथा पशु विमालाई प्रोत्साहित गरिनेछ ।

१५. दुध, अण्डा र मासु उत्पादनमा वृद्धि गरी बबई गाउँपालिका लाई आत्मनिर्भर गरी गरिनेछ ।

१६. दुर्गम क्षेत्र तथा आफै बजारीकरण गर्न नसक्ने कृषक तथा लघु उद्यमिहरुको उत्पादन सेवालाई सहकारीसँग समन्वय गरी यसको बजारीकरणको व्यवस्था गरिनेछ ।

१७. परम्परागत कृषि प्रणालीलाई विस्थापित गरी उत्पादनमुखि र व्यावसायिक कृषि प्रणाली अवलम्बन गरी रोजगारी वृद्धि गरिनेछ ।

१८. कृषि उत्पादनलाई जोड दिनका लागि सिंचाइ कुलोको आबश्यक ब्यबस्था गरिनेछ ।

१९. बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा रहेका वडा न १ र वडा न ७ का नागरिकको जिउधन र कृषि उत्पादनको संरक्षण गर्नका लागिबाँके राष्ट्रिय निकुञ्ज सँग समन्वय गरी आवश्यक सञ्चालन कार्यक्रम गरिनेछ ।

२०. पशुहरुमा लाग्ने विभिन्न संक्रामक रोगहरु निवारण गर्न आवश्यक औषधिको ब्यबस्था मिलाइनेछ ।

**गाउँ सभाका सदस्य ज्यूहरु,**

२१. संघ तथा प्रदेश सरकारसंगको समन्वयमा एक औधोगिक ग्राम स्थापना गर्न आगामी आ.व. देखि सुरुवात गरिनेछ ।

२२. समूह तथा सहकारी मार्फत स- साना उद्योगहरु संचालन तथा ब्यबस्थापन गर्न जोड दिइनेछ ।

२३. स्थानीय उत्पादनमा आधारित साना उद्योग स्थापना गर्नका लागि नीजि क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

२४. घरेलु, लघु तथा साना उद्योगहरुको स्थापना र सञ्चालनको लागि आवश्यक सहजिकरण गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ ।

२५. **"एक वडा एक उद्योग "** को अवधारणा ल्याई आवश्यक कार्ययोजना निर्माण, कार्यक्रम तथा योजनाहरुको पुन प्राथमिकिकरण गरि फजुल खर्च रोक्न वित्तिय अनुशासन कायम गर्दै उत्पादनशिल तथा रोजगारमुलक क्षेत्रमा लगानी गर्न प्रोत्साहनका कार्यक्रमहरु ल्याईने तथा आपुर्ति व्यवस्था सहज वनाउन आत्मनिर्भर अर्थतन्त्रको विकासमा जोड दिईनेछ ।

२६. **"एक वडा एक उद्योग " को** अवधारणालाई कार्यान्वियन गर्नको लागि आवश्यक पर्ने जग्गा प्राप्त गर्नको लागि आवश्यक पहल गरिनेछ ।

२७. बबई गाउँपालिकाको कच्चा पदार्थ प्रयोग गरेर पंचकुले क्षेत्र, हापुरे क्षेत्र र हंसपुर क्षेत्रमा चल्न सक्ने उद्योगको सम्भाव्यता अध्ययन गरि आवश्यक उद्योग संचालन गरिनेछ ।

२८. उपभोक्ताहरुको हित अभिबृद्धिका लागि समयमसमयमा बजार अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरिने छ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

२९. बबई गाउँपालिकामा अवस्थित पर्यटकिय स्थलहरुको एकिकृत गुरुयोजना निर्माण गरि कार्यक्रम संचालन गर्ने,ऐतिहासिक, सांकृतिक, धार्मिक सम्पदा तथा संस्कृतिको संरक्षण तथा प्रर्वधनका कार्यक्रमहरु संचालन गर्ने र पर्यटन क्षेत्रको अनुसन्धान, पहिचान र सर्वेक्षण गरि ऐतिहासिक पुरन्धारा झरना, धागेछहरा, सिद्धगुफा, रातापहरे, मनसुता, हात्ति ढुंगा, बबई नदी, चिसापानी मन्दिर, गौरीशंकर शिवालय लगायतका पर्यटकिय क्षेत्रमा सुगम पहुँचको लागि पिच बाटोको योजना कार्यान्वयन गर्ने र प्रत्येक पर्यटकिय क्षेत्रको सडक सम्वन्ध जोड्ने साथै मुख्य पर्यटन स्थललाई आवास सुविधायुक्त वनाउने, पुरन्धारा छहरालाई गौरवको योजनाको रुपमा विकास गरिनेछ ।

३०. पुरन्धारा झरणा पार्क निर्माण योजनाको लागि आवश्यक बजेट व्यवस्थापन गरी पर्यटन प्रवर्द्धन गरिनेछ।

३१. पुरन्धारा झरणा क्षेत्रमा होमस्टे सञ्चालनका लागि आवश्यक सम्भाव्यता अध्ययन गरिनेछ ।

३२. निर्माणाधिन सल्लीकोट भ्यूटावर हुँदै धागे छहरा जोड्ने पदमार्ग निर्माण गरि पर्यटन प्रवर्द्धन गरिनेछ।

३३. पर्यटन क्षेत्रको विस्तार तथा विकासका लागि संघ, प्रदेश, स्थानीय संघसंस्थाहरु, नीजि क्षेत्र लगायतका सरोकारवालाहरुसंग समन्वय एवं सहकार्य गर्ने नीति तथा कार्यक्रम अबलम्बन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु**

३४. बबई गाउँपालिका भित्र रहेका सहकारी संघ संस्थाहरु संगको सहकार्यमा किसानको जिवनस्तर सुधारका कार्यक्रमहरु संचालन गरिनेछ । साथै सहकारीहरुलाई उत्पादन संग जोड्नका लागि **सहकारी संग रोजगारी कार्यक्रम** संचालन गरिनेछ ।

३५. सहकारीहरुलाई नियमन गरि सहकारीको साझा उद्देश्य अनुरुप संचालनमा लैजान एकिकृत सहकारी कार्यविधि निर्माणमा प्राथमिकताका साथ कार्ययोजना निर्माण गरिनेछ ।

३६. दुर्गम क्षेत्र तथा आफै बजारीकरण गर्न नसक्ने कृषक तथा लघु उद्यमिहरुको उत्पादन तथा सेवालाई सहकारी सँग समन्वय गरी यसको प्रभावकारीता बनाइनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

३७. सबै बालबालिकालाई आधारभूत तहसम्म अनिबार्य र माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्ने संबैधानिक ब्यबस्थालाइ पूर्ण रुपले कार्यान्वयन गरिनेछ।

३८. नैतिकतामा आधारित व्यवहारिक शिक्षाको माध्यमवाट सामाजिक रुपान्तरणको लागि शैक्षिक संस्थाहरुमा सुविधा सम्पन्न भौतिक पूर्वाधार निर्माण, प्रयाप्त सवल तथा सक्षम शैक्षिक जनशक्ति सुनिश्चितता, युग सापेक्ष विज्ञान तथा प्रविधि युक्त गाउँपालिका निर्माणमा जोड दिने नीति लिईनेछ ।

३९. **“हामी सबैको ईच्छा, निःशुल्क र गुणस्तरिय शिक्षा”** भन्ने नारालाई सफल बनाउन सबै वालवालिकालाई आधारभूत तहसम्म अनिबार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने संबैधानिक ब्यबस्थालाइ पूर्ण रुपले कार्यान्वयन गरिनेछ । साथै सवै बिद्यालयहरुलाई ग्रिन, क्लिन, पिस, सेफ बनाउने नीति लिईनेछ ।

४०. अभिभावक विहिन असहाय तथा विपन्न छात्र/छात्राका लागि शैक्षिक सामग्रीको ब्यवस्था गरिनेछ ।

४१. सामुदायिक र संस्थागत विद्यालयवीचको शैक्षिक अनुभवको आदान प्रदान गरी शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ

४२. आगामी वर्ष स्थानीय पाठ्यक्रम निमार्ण कार्यका लागि आवश्यक बजेटको व्यवस्थापन गरिनेछ ।

४३. भौतिक अबस्था कमजोर रहेका विद्यालयहरुको भवन निर्माण, पुनः निर्माण र आबश्यक प्रवन्ध गरी विद्यालयहरुलाई भौतिक स्रोत तथा साधनले सम्पन्न बनाइनेछ ।

४४. हाल दरबन्दी कम रहेका र निजी स्रोत शिक्षक ब्यबस्थापन गरी पठनपाठन गरिरहेका विद्यालयहरुलाई गाउँपालिकाले शिक्षक दरबन्दी मिलान गरी दरबन्दीको पुनः बितरण पश्चात् आबश्यक पर्ने विद्यार्थी शिक्षक अनुपात र विषयगतको आधारमा शिक्षक ब्यबस्थापन गर्ने नीति लिइनेछ ।

४५. सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्रीहरुको ब्यबस्था, आधारभूत तथा माध्यमिक विद्यालयहरुमा पुस्तकालय ब्यबस्था र विज्ञान प्रयोगशाला ब्यबस्थापन गरिनेछ ।

४६. बिद्यार्थीको सिकाई उपलब्धि संग शिक्षकको कार्य सम्पादन मुल्याङ्कन प्रणालि संग जोडिने छ । उत्कृष्ट कार्य सम्पादन गर्न सफल शिक्षकहरुलाई पुरस्कृत तथा कार्य सम्पादनमा कमजोर रहेका शिक्षकहरुलाई दन्डित गरिने छ ।

४७. गाउँपालिका भित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयहरुमा प्रत्येक शुक्रबार अत्तिरिक्त क्रियाकलाप सञ्चालनका लागि प्रोत्साहित गरिनेछ ।

४८. गाउँपालिका स्तरमा अन्तर विद्यालय हाजिरीजवाफ प्रतियोगिता,बक्तृत्वकला प्रतियोगिता जस्ता अतिरिक्त कृयाकलाप संचालन गरि प्रतिभाको खोजि गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

४९. खेलकुद तथा योगमा आधारित स्वास्थ्यमा प्राथमिकता दिदै **“स्वास्थ्य नै धन हो”** भन्ने तथ्यलाई मध्यनजर गरि स्वस्थ र सवल पालिका निर्माणका लागि आवश्यक पूर्वाधार तथा स्वास्थ्य जनशक्तिको निर्माण तथा व्यवस्थापन गरि प्रत्येक नागरिकमा आधारभुत स्वास्थ्य सेवाको पहुँच तथा जनसंख्या वृद्धिको दरलाई नियन्त्रण गर्ने आधारभुत पक्षहरुमा प्राथमिकता दिईनेछ ।

५०. खेलकुदको विकासका लागि गाउँपालिका स्तरमा बबई रनिङ शिल्ड र वडा स्तरमा खेलकुदका कार्यक्रम सञ्चालन गरी प्रतिभा पहिचान गर्नुको साथै खेलाडिको खेलप्रति निरन्तर आकर्षण वृद्धि गरिनेछ ।

५१. एक वडा एक खेलकुद पूर्वाधार निर्माणका लागि आवश्यक पहल गरिनेछ ।

५२. मदन भण्डारी क्रिकेट रंगशाला हंशपुर , हापुरे बहुउद्देश्यीय खेल मैदान, सुनपुर फुटबल मैदानर वडा नं ७ को हात्तिखाल खेलमैदान स्तरोन्नती गरिनेछ ।

५३. खेलकुदलाई जिवनको एक अभिन्न अंगको रुपमा विकास गर्नका लागि आवश्यक खेलकुद पूर्वाधार तथा जनशक्ति निर्माण गरि **शिक्षा तथा खेलकुद बालविकासको आधार** भन्ने नाराका साथ प्रत्येक विद्यालयमा नियमित खेलकुदका कार्यक्रम तथा प्रशिक्षण संचालनको लागि आवश्यक व्यवस्था तथा प्रत्येक वडामा नेपालमा प्रचलित सवै प्रकारका खेलकुदको विकासमा आवश्यक कार्यक्रम संचालन, युवा जनशक्तिलाई विदेश पलायनवाट रोक्न विशेष कार्ययोजना निर्माण गरि कार्यक्रमहरु संचालन गरिनेछन ।

५४. बबई गाउँपालिकाका विभिन्न खुला स्थानहरुमा खुला व्यायामशाला योगकेन्द्रको निर्माण गरिनेछ ।

**गाउँसभाका सदस्य ज्युहरु,**

५५. गाउँपालिकाबाट संचालित हापुरे प्राथमिक अस्पताल, आधारभुत स्वास्थ्य केन्द्रहरु, नागरिक आरोग्य केन्द्र र स्वास्थ्य चौकीहरुबाट प्रदान गरिदै आएका स्वास्थ्य सेवाहरुलाई थप गुणस्तरीय बनाउन रऔषधि तथा उपकरणको अभाव हुन नदिन आवश्यक बजेटको व्यबस्था गरिने छ ।हंसपुरमा निर्माणाधिन १५ सैयाको अस्पताललाई आगामि आर्थिक वर्षभित्र सञ्चालनमा ल्याईनेछ।

५६. गाउँपालिकाका सबै वडाका बालबालिकाहरुलाई खोप सेवा प्रदान गरी सम्पुर्ण वडाहरु र पालिकालाई पुर्ण खोप सुनिश्चितता घोषणा गरिने छ ।

५७. **"स्वस्थ आमा, स्वस्थ बच्चा"** भन्ने नारासहित नवजात शिशु तथा मातृ मृत्युलाई कम गर्न कार्यक्रम सञ्चालन गरी सुत्केरी पोषण उत्प्रेरणा कार्यक्रमलाई यथावत रुपमा राखी निरन्तरता दिइने छ ।

५८. आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच बढाइनेछ ।

५९. आधारभूत स्वास्थ्य संस्थामा बर्थिङ सेन्टरलाई ब्यबस्थित गरिनेछ । बर्थिङ सेन्टरमा आबश्यक पर्ने स्वास्थ्य सामग्रीहरुको ब्यबस्था मिलाइनेछ।

६०. राप्ती आँखा अस्पताल दाङसंगको सहकार्यमा ज्येष्ठ नागरिक आँखा शिबिर कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।

६१. बबई गाउँपालिका भित्रका प्रत्येक घरमा शुद्ध पिउनेपानीको वितरणका लागि विशेष प्राथमिकताका साथ आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ । **एक घर एक धारा** को नीति लिई सबै घरहरुमा स्वच्छ खानेपानीको सुविधा पुऱ्याईनेछ ।

६२. यस गाउँपालिकालाई पूर्ण सरसफाइ युक्त गाउँपालिका घोषणा गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ । यसका लागि पालिकास्तरिय खानेपानी सरसफाई तथा स्वच्छता योजना निर्माणका लागि आबश्यक कार्य गरिने छ ।

६३. परम्परागत रुपमा चलिआएका सोरठी नाच , लठ्ठी नाच , घाटु नाच , थारु नाच, पञ्चेबाजा तथा मौलिक धर्म र संस्कृतीलाई संरक्षण गरिनेछ ।

६४. दलित समुदायको परम्परागत सिप, कला तथा संस्कृति जगेर्ना गर्न आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

६५. आदिबासि जनजातिहरुको कला तथा संस्कृति जगेर्ना गर्न सिपमुलक कार्यक्रमहरु सञ्चालन गरिने छ ।

६६. बबई गाउँपालिका भित्रका हापुरे, पञ्चकुले, हंसपुर लगायतका वजार क्षेत्रमा सार्वजनिक शौचालयहरु निर्माण गरिनेछ ।

६७. महिला, बालबालिका तथा सामाजिक सुरक्षा, महिला सशक्तिकरणका विशेष कार्यक्रम संचालन, लैंगिक भेदभाव तथा घरेलु हिंसा, वालविवाह, वहुविवाह, विरुद्ध कठोर नीति तथा महिला अधिकारको पूर्ण सुनिश्चितताको माध्यमवाट अनुशासित वालवालिका निर्माणका लागि चेतनामुलक कार्यक्रमहरु संचालन तथा प्रत्येक समुदायमा सम्भाव्यता अध्ययन गरि वाल मनोरञ्जन पार्कको व्यवस्था, सामाजिक सुरक्षाको व्यवस्था गर्नुपर्ने आम जनताको लागि पूर्ण सामाजिक सुरक्षाको व्यवस्था गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

६८. लिङ्गीय आधारमा गरिने भेदभाव, शोषण र असमानता न्युनीकरण गर्न विभिन्न योजना तथा कार्यक्रमहरुलाई अन्तरसम्बन्धित बनाइ संचालन गरिनेछन् ।

६९. लैङ्गिक उत्तरदायी बजेट निर्माण गरी समतामूलक पहुँच र सहभागितामा जोड दिइनेछ ।

७०. गरीबी निवारणका लागि लघु उद्यम कार्यक्रममार्फत विपन्न महिला, दलित र अल्पसंख्यकहरुको स्वरोजगार उन्मुख सिपमूलक तालिमको व्यवस्था गरिनेछ ।

७१. समाजमा रहेका छुवाछुत, उचनीच र विभेदजन्य क्रियाकलापहरुको अन्त्य गर्न विभिन्न सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७२. महिलामाथि हुने सबै प्रकारका हिंसा विरुद्व शुन्य सहनशीलताको नीति लिइनेछ ।

७३. योनिक तथा अल्पसंख्यक समुदायको विकासका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

७४. जेष्ठ नागरिकहरुको शसक्तिकरण र बालबालिकाको अन्तरसम्वन्ध र अपनत्वलाई विकास गर्न प्रत्येक वडा, टोलमा योग तथा व्यायमशाला निर्माण गरिनेछ ।

७५. बालबालिका र किशोरकिशोरीहरु पोषण स्वास्थ्य सुधार गर्न बालपोषण भत्ता एवं पोषण सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

७६. बहुक्षेत्रीय पोषण मार्फत बालबालिकाहरुको पोषण स्वास्थ्यमा सुधार गरिनेछ ।

७७. सबै बालबालिकाहरुलाई बालअधिकार ऐनमा उल्लिखित हक अधिकारको प्रत्याभूति गर्न आबश्यक संस्थागत र प्रक्रियागत सुधारका साथै घरदेखि विद्यालयसम्म बालबालिकाहरुलाई गरिने ब्यबहारमा सुधार गरिनेछ ।

७८. अपाङ्गता भएका बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य र सामाजिक अन्तरघुलनमा समायोजन हुनको लागि प्राथमिकता दिइने नीति लिइनेछ ।

७९. बालश्रममुक्त,बालमैत्री र पोषणमैत्री पालिका निर्माण गर्न विशेष अभियानका रुपमा सञ्चालन गरिनेछ ।

८०. सार्वजनिक संरचना, भवन र अन्य पूर्वाधारहरु निर्माण गर्दा अपाङ्गमैत्री बनाइनेछ ।

८१. अपाङ्गता भएका ब्यक्तिप्रति गरिने विभिन्न खालका भेदभाव,अन्धविश्वास र हिंसा लगायतका असामाजिक ब्यबहारलाई नियन्त्रण गर्ने कार्यक्रम संचालन गरिनेछ ।

८२. जेष्ठ नागरिकको सम्मान, आदर र सहजताको लागि विभिन्न सेवा र सुविधामा बिशेष छुट र सुविधामा सहुलियतको ब्यबस्था गरिनेछ ।

८३. जेष्ठ नागरिकहरुलाई गाउँपालिकाबाट उपलब्ध गराइने सेवा, सुविधामा पहिलो प्राथमिकता दिइनेछ ।

८४. सहिद परिवार , घाईते , अपाङ्ग र उत्पीडितहरुलाई राहत तथा उत्पादन केन्द्रित कार्यमा संलग्न गराउन विशेष कार्यक्रम ल्याईनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

८५. बबई गाउँपालिका कार्यालय देखि वडा कार्यालय स्वास्थ्य चौकी सम्म पक्की सडक व्यवस्था गरिनेछ ।

८६. गाउँपालिकाको सडक यातायात नपुगेका बस्तीहरुमा बाताबरणीय प्रभावको अनुकुलता तथा प्रतिकुलता बिश्लेषण गरी नयाँ सडक निर्माण गरिनेछ ।

८७. नयाँ निर्माण गरिने सडकको बाताबरणीय प्रभाव परीक्षण गरी सो का आधारमा निर्माण कार्य थालिनेछ ।

८८. गाउँपालिकामा सम्भावना भएका स्थानहरुमा पर्यटन पदमार्गहरुको निर्माण कार्य थालिनेछ ।

८९. सडक निर्माण कार्यको लागि बिस्तृत आयोजना प्रतिवेदन तयार गरी सोका आधारमा सडकहरुको नयाँ निर्माण तथा स्तरोन्नति गरिनेछ ।

९०. शिक्षा, स्वास्थ्य, कृषि, खानेपानी, सिचाई, यातायात, विद्युत लगायतका भौतिक पुर्वाधारहरु प्राथमिकताको आधारमा एकिकृत योजना अनुरुप आधारभुत पुर्वाधारहरुको पहुँचको सुनिश्चितता गरिनेछ ।

९१. बबई गाउँपालिकाका सवै वस्तिहरुमा विद्युत सेवा पुऱ्याईनेछ।

९२. यस बबई गाउँपालिकाको चक्रपथ सडकको योजनालाई गौरवको योजनामा प्राथमिकताका साथ सम्पन्न गरिनेछ ।

९३. हापुरे, पुरन्धारा, जिला हुँदै वाँके राष्ट्रिय निकुञ्ज, ठुरे महेन्द्र राजमार्ग जोड्ने सडक, निकुञ्जसंग समन्वय गरि गौरवका आयोजनाको रुपमा संचालन गरिनेछ ।

९४. कृषियोग्य जमिनमा सिचाईको व्यवस्थाका लागि दिर्घकालिन कार्यक्रमहरु संचालन गरिनेछ ।

९५. गाउँपालिकाको सिँचाइ गुरुयोजना तयार गरी सिँचाइ प्रवर्धन गरिनेछ । स्रोतसाधन, जनशक्ति र प्रविधि सुहाउँदो हुनेगरी बहुउद्देश्यीय जलाशय निर्माण गरिने छ । पुराना पोखरी र तालको संरक्षणका लागि आबश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

९६. बबई गाउँपालिकाभित्र वढ्दै गईरहेको जलस्रोत संकटलाई न्युनिकरण गर्न जलाधार क्षेत्र संरक्षणका कार्यक्रमहरुसंचालन, उपलव्ध जलस्रोतलाई उचित रुपमा अधिकतम सदुपयोग गर्न आवश्यक पूर्वाधार निर्माण, वैकल्पिक उर्जा उत्पादनको सम्भाव्यता अध्ययन गरि आवश्यक कार्ययोजना निर्माण तथा वैकल्पिक उर्जा प्रवर्धनका कार्यक्रमहरु संचालन गरिनेछ ।

९७. हापुरे वजारलाई व्यवस्थित शहरको रुपमा विकास गर्न आवश्यक आधारभुत पूर्वाधार निर्माण गर्ने नीति रहनेछ ।

९८. बबई गाउँपालिका क्षेत्रभित्रका सामुदायिक चौपायाहरुलाई उचित व्यवस्थापन गरि आयआर्जनमुलक ढंगवाट व्यवस्थापन गर्ने नीति लिईनेछ ।

९९. राष्ट्रिय भवन संहिताको पूर्ण रुपमा पालना गर्दै गाउँपालिका भित्र बनिसकेका घरहरुको अभिलेखीकरण र नयाँ बन्ने घरहरुको नक्सापास कार्यलाई अभियानका रुपमा संचालन गरिनेछ ।

१००. गाउँपालिका भित्र भवन निर्माण गर्दा राष्ट्रिय भवन संहिता र भवन निर्माण मापदण्डको प्रभावकारी कार्यान्वयन तथा नियमन गरी प्रकोप प्रतिरोधी, सुरक्षित र किफायती भवनहरुको निर्माण गर्ने निति लिईनेछ ।

१०१. विद्युत,सडक र खानेपानीको एकीकृत विकास प्रणाली अबलम्बन गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु,**

१०२. अव्यवस्थित तथा सुकुम्वासी बस्तिहरुको व्यवस्थापको राष्ट्रिय नितिलाई कार्यान्वयन प्रक्रियामा लैजाँदा भोगचलनमा रहेका सम्पूर्ण भूमिमा नागरिकको हक स्थापित गर्न जग्गा दर्ता प्रक्रियालाई नीतिगत रुपमा कार्यान्वयनमा गरिनेछ ।

१०३. यस गाउँपालिकाको भू- उपयोग योजना निर्माण गरी जग्गाको डिजिटल माध्यमबाट वर्गिकरण गरी कार्यान्वयन गरिनेछ ।

१०४. नापजाँच सम्पन्न भइसकेका वडाहरुको जग्गा धनि पुर्जा प्राप्तिका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ र नापजाँच हुन बाँकी वडाहरुको नापजाँच प्रक्रिया निरन्तर अगाडी बढाइनेछ।

१०५. बबई गाउँपालिकाको भोगचलन गरिरहेको वास्तविक भुगोल सहितको नक्सा एकिन गरी अन्तर जिल्ला, पालिका र वडाको देखिएको समस्याको समाधान गरिनेछ ।

१०६. सामाजिक सुरक्षा भत्ता बितरण लाई बैङकिङ प्रणालि बाट बितरणको कार्यलाई निरन्तरता दिदै लाभग्राहीहरुलाई सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र सेवा प्रवाह गर्ने बैंकको समन्वयमा ८० वर्ष माथिका जेष्ठ नागरिक तथा अति अशक्त (क) वर्गका अपांगहरुलाई घरमै भत्ता पुऱ्याउने कुराको अध्ययन गरि त्यसको ब्यबस्थापन गरिने छ । साथै सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा र सेवा प्रवाह गर्ने बैंकको समन्वयको कार्यलाई निरन्तरता दिईने छ ।

१०७. पञ्जिकरण तर्फका पुराना व्यक्तिगत घटना दर्ता किताब डिजिटलाईजेशनको कार्य लाई निरन्तरता दिदै पुरक डिजिटलाईजेशन कार्यक्रम सञ्चालन गरि व्यक्तिगत घटना दर्ता अभिलेखलाई पूर्णरुपमा अनलाईन गरिने छ । गएका बर्षहरु जस्तै यस बर्ष पनि घटना दर्ता सप्ताह संचालन गरिने छ ।

१०८. घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ताको कार्यलाई थप ब्यवस्थित गराउन घटना दर्ता शिबिर संचालन गरिने छ ।

१०९. बिभाग बाट प्राप्त ऐन नियम तथा कानुनका बारे जानकारी दिदै घटना दर्ता तथा सामाजिक सुरक्षाका सम्बन्धि गाउँपालिका तथा वडा कार्यालयका कर्मचारीहरुका लागी तालिम तथा जनप्रतिनिधिहरुका लागी अभिमुखिकरण कार्यक्रम संचालन गरिने छ ।

११०. सिमलकुना, कसाने क्षेत्रमा नेपाल टेलिकमको टावर राख्न पहल गर्ने ।

१११. बबई गाउँपालिकामा नेपाल टेलिकमको 4G सेवाको पहुँच सबै ठाउँमा पुऱ्याउनका लागि थप मोबाइल टेलिफोन टावरहरुको विस्तार गर्न आबश्यक पहल गरिनेछ ।

११२. सबै सामुदायिक विद्यालयहरुमा पूर्णरुपमा इन्टरनेट पहुँचको सुनिश्चितता गरिनेछ ।

११३. सूचना तथा संचार क्षेत्रको प्रर्वधन र विकासका लागि कार्यक्रमहरु संचालन गरिने छ । सार्वजनिकरणका लागि बबई गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा डिजिटल डिस्प्लेहरु जडान गरिनेछन ।

११४. अपराध रोकथाम तथा अनुशासित बबई गाउँपालिका निर्माणका लागि गाउँपालिकाका विभिन्न क्षेत्रहरुमा सिसि क्यामेरा लगायतका प्रविधिहरु जडान गरिनेछ ।

११५. बबई गाउँपालिका मातहतका कार्यालयहरुमा ई हाजिरीको व्यवस्था गरिनेछ ।

११६. सूचनाको हकको पूर्ण कार्यान्वयन, पारदर्शिता, नियमन, तथा जनपहुँचका लागि आवश्यक सूचना प्रविधिको प्रयोग गरिनेछ ।

११७. विशेष आवश्यक्ता भएका व्यक्ति तथा अपाङ्गका लागि सूचना संचारको पहुँच स्थापित गर्ने।

**गाउँसभाका सदस्यहरु,**

११८. यस गाउँपालिकाको प्रमुख प्राकृतिक स्रोत वनजंगललाई राष्ट्रिय नीति अनुरुप संरक्षण तथा सर्वसुलभ उपयोगको व्यवस्था गर्न आवश्यक समन्वय गरि ठोस नीति अनुरुप आम जनताको आवश्यकता अनुरुपको कार्यक्रम संचालन तथा कार्यान्वयन, वातावरणीय प्रदुषणलाई न्यूनिकरण गर्दै प्रदुषण मुक्त गाउँपालिका निर्माणको लक्ष्य अनुरुप ठोस कार्यक्रम संचालन गर्ने निति रहेको छ ।

११९. सामुदायिक वनहरुसंगको सहकार्यमा आयमूलक कार्यक्रम संचालन गरिनेछ । साथै सामुदायिक वनमा रहेको स्रोत साधनलाई समेत परिचालन गरि सामुदायिक वन र गाउँपालिकाको साझेदारीमा विकास निर्माणका योजनाहरु संचालन गरिनेछ ।

१२०. वनजंगल संरक्षणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी डढलो नियन्त्रण गर्ने , वृक्षारोपन गर्नेकार्यमा स्थानीय बासिन्दालाई अभिप्रेरित गरिनेछ ।

१२१. विपदपूर्व भौगोलिक रुपमा जोखिम पूर्ण स्थानमा बसोबास गरेका बस्तिहरुको पहिचान गरी जोखिम रहित स्थानमा स्थानान्तरणका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ ।

१२२. जमिन, जल र जंगलको संरक्षण,सम्बर्द्धन र संरक्षण गर्ने नीति लिइनेछ । जडीबुटी तथा वनजन्य बस्तुहरुको पहिचान,संरक्षण तथा संबर्द्धन गर्ने नीति लिइनेछ ।

१२३. विकाससंगै बढ्दो प्रदुषण नियन्त्रण गर्नका लागि सबै गाउँ, टोल,बस्तीहरु र सडक छेउछाउमा रुख रोप्ने र ""हरियाली गाउँ, प्रकृतिमा रमाउँ" भन्ने नारालाई सार्थक बनाउने प्रयत्न गरिनेछ ।

१२४. गाउँपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनका लागि स्रोतमा नै वर्गिकरण गरिअन्य संघ संस्थाको साझेदारीमा प्रभावकारी रुपमा व्यवस्थापन गरिनेछ ।

१२५. बबई गाउँपालिका भित्रका नाङ्गा जमिन तथा डाँडामा बृक्षारोपण कार्यक्रम सञ्चालन गरिने छ ।

१२६. बिपद जोखिमबाट सुरक्षित गाउँपालिका निर्माण गर्ने नीति लिइने छ । यसका लागि जोखिममुक्त संरचना निर्माण, बिपदको पूर्ब सुचना प्रणालीको बिकास, बिपद सम्बन्धी जनचेतनाको अभिबृद्धिमा जोड दिइने छ ।

१२७. जोखिमयुक्त बस्तीहरुको सुरक्षित स्थानान्तरण, एकीकृत बस्तीको बिकास र खरले छाएका घरका छाना जस्तापाताले प्रतिस्थापन गर्ने नीति लिइने छ । बन डढेलो लगायत बिपत्तीहरुको सामाना गर्न साधन श्रोतहरुको प्रबन्ध गरिने छ ।

१२८. गाउँपालिका क्षेत्रभित्र प्राकृतिक तथा गैर प्राकृतिक बिपदबाट सर्बसाधारणको जीउधन र सार्बजनिक तथा ब्यक्तिगत सम्पति, प्राकृतिक साँस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्नका लागि प्रकोप ब्यबस्थापन कोषमा आबश्यक रकम बिनियोजन गरिने छ ।

१२९. विपद् न्यूनीकरण तथा व्यवस्थापनका लागि विपद् व्यवस्थापन सामग्रीको उचित भण्डारण र आपूर्तिको व्यवस्था मिलाइनेछ । विपद् जोखिम न्यूनीकरणका लागि विद्यालय एवम् समुदाय र संघसंस्थासँग सहकार्य गरिनेछ ।

१३०. विपदलाई व्यवस्थापन गर्न आवश्यक पर्ने दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१३१. विपद व्यवस्थापन कोषमा आवश्यक रकमको व्यवस्थापन गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ

१३२. बबई गाउँपालिकामा रहेको स्थानीय आपतकालीन कार्यसंचालन केन्द्रलाई व्यवस्थित रुपमा संचालन गरिनेछ ।

१३३. विपद्जन्य सुचनामुलक सामाग्रीहरु नियमित रेडियो पत्रपत्रिका लगायतका सामाजिक सञ्जाल तथा संचार माध्यमवाट प्रशारण गरिनेछ ।

१३४. विपद् व्यवस्थापनको क्षेत्रमा पुर्वतयारी तथा पुर्वसूचना प्रणालीको विकासका लागि नीति लिईनेछ ।

१३५. आन्तरिक स्रोत वृद्धि तथा परिचालनमा प्राथमिकता, कृषि, उद्योग, उद्यमशिलतामा विशेष प्राथमिकता दिँदै आर्थिक क्रियाकलापमा वृद्धि ल्याई राजश्वमा वृद्धि गर्न विशेष कार्ययोजना निर्माण, एकिकृत कर नीति, सर्वसुलध कर निर्धारण गरि करको दायरा वढाउनमा जोड दिईनेछ ।

१३६. स्वस्थ, शिक्षित तथा समतामुलक समाज निर्माणका लागि विकास सुशासन तथा सामाजिक न्यायको प्रत्याभुति हुने गरि न्यायीक कार्यक्रमहरु लागु गरिनेछन ।

१३७. श्रमवाटै समृद्धिको यात्रा सम्भव हुन्छ भन्ने तथ्यलाई मध्यनजर गरि श्रममा आधारित रोजगारीको सृजना गर्न स्वरोजगार, उद्यशिलतालाई प्राथमिकता, प्रत्येक नागरिकलाई रुचि, क्षमता तथा सिप अनुरुप अनिवार्य पेशामा संलग्न गराउन प्रोत्साहनका कार्यक्रम संचालन गरि वेरोजगार मुक्त गाउँपालिका निर्माणमा जोड दिईनेछ ।

१३८. भ्रष्टचार मुक्त प्रशासनिक संरचनाको माध्यमवाट जनसेवामुखि प्रशासनको व्यवस्था, सुशासनको प्रत्याभुतिको नीति अवलम्वन गरिनेछ ।

१३९. गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरी जनशक्तिको व्यवस्थापन गरिनेछ ।

१४०. वार्षिक खरिद गुरुयोजना र खरिद योजना तयार गरी सोहि अनुरुप खरिद प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

१४१. गाउँपालिकाको गौरवका आयोजना छनौट गरि तत्काल निर्माण प्रक्रिया अगाडी वढाई पाँच वर्ष भित्र ठोस प्रगती विवरणको सुनिश्चितता गरिनेछ ।

१४२. अति गरिव, एकल र सिमान्तकृत भूमिहिन परिवारको लागि आवास निर्माण र जिविकोपार्जनको कार्यक्रम संचालन गरिनेछ । विकासका कार्यक्रम संचालन गर्दा सिमान्तकृत, भूमिहिन समुदाय सम्म पुग्ने गरि तर्जुमा गरिनेछ ।

१४३. **"हाम्रो उत्पादन हाम्रो वजार समृद्धिको आधार, सन्तुलित कर अनुशासित जनता आत्मनिर्भर स्थानीय सरकार"**को नारालाई साकार पार्नको लागि बबईका हरेक वडाको सम्भाव्यताको आधारमा पकेट क्षेत्र निर्धारण गरि वडा वडामा शितभण्डार गृह निर्माण गर्नुका साथै हापुरे, हंसपुर, पंचकुले क्षेत्रमा बस्तु वजार व्यवस्थाको अवधारणा लागु गरिनेछ ।

**गाउँसभाका सदस्य ज्यूहरु** ,

यो नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग गर्नुहुने जनप्रतिनिधि, राजनैतिक दल, वुद्धिजिवी, समाजसेवी, कर्मचारी लगायत सवैमा हार्दिक आभार एवं धन्यवाद प्रकट गर्दछु । साथै आगामी दिनमा यो नीति तथा कार्यक्रम कार्यान्वयनको चरणमा पनि सबै पक्षबाट सहयोग प्राप्त हुने बिश्वास व्यक्त गर्दछु ।

धन्यवाद

मितिः २०८० असार ७ गते ।

कुल बहादुर खत्री क्षेत्री

अध्यक्ष

बबई गाउँपालिका